थाहा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २०७६ संख्याः ०१ मितिः २०७६/०७/२५

**भाग–२**

**थाहा नगरपालिका**

## स्थानीय संस्था दर्ता नियमावली, २०७६

*थाहा नगरपालिकाको संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को* दफा १६ ले दिएको अधिकार प्रयोग गरी थाहा नगरपालिकाले देहायका नियमहरु बनाएको छ :–

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "स्थानीय संस्था दर्ता नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली कार्यपालिकाबाट पारित भएपश्चात् प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** क. ऐन भन्नाले, विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा ऐन भन्नाले थाहा नगरपालिकाको संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ सम्झनुपर्छ ।

ख. नगर कार्यपालिका भन्नाले थाहा नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

ग. दर्ता गर्ने अधिकारी भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी सम्झनुपर्दछ ।

घ. शाखा भन्नाले सामाजिक विकास शाखालाई सम्झनुपर्दछ ।

**३. दर्ताको लागि निवेदन :** ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले एकहजार रुपैंया दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसूची–१ मा तोकिएको ढाँचामा २ प्रति अनुसूची १ (

स्थानीय राजपत्र

क) बमोजिमको विधान र पदाधिकारी एवंम सदस्यहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहित निवेदन दिनु पर्नेछ ।

**४. संस्थाको दर्ता र प्रमाण–पत्र** : नियम ३ बमोजिमको निवेदन प्राप्त भएपछि दर्ता गर्ने अधिकारीले प्रहरी मार्फत नैतिक पतन भए नभएको जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची–२ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची–३ बमोजिमको दर्ताको प्रमाण–पत्र दिनेछ ।

**५. दर्ताको अवधि, सूचीकरण, नवीकरण र दस्तुर** : (१) नियम ४ बमोजिम दिएको दर्ताको प्रमाण–पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले दर्ता गर्ने अधिकारीबाट संस्थाले काम गरेको वार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन, त्यस अवधिको साधारणसभाको प्रतिवेदनसहित पाँचसय रुपैंया दस्तुर तिरी दर्ताको प्रमाण–पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण–पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ :–

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु.१००।–

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु. २५०।–

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु.१,०००।– को दरले दुई आर्थिक वर्षको लागि रु. २,५००।– र त्यसपछिको आर्थिक वर्षहरुको प्रति आर्थिक वर्षको २,५००/– को दरले थप शुल्क तिरी नवीकरण गर्न सकिनेछ ।

(घ) यस थाहा नगरपालिका क्षेत्रलाई आफ्नो कार्य क्षेत्र कायम गरी संघीय तथा प्रदेश सरकार मातहतका कुनै कार्यालयमा दर्ता भएका गैर नाफामुलक संस्थाहरुले यस नगरपालिकामा प्रत्येक आर्थिक वर्ष सम्मको लागि बहाल रहने गरी संस्था सूचीकरण गरी अनुसूची ४ बमोजिम प्रमाणपत्र लिनूपर्नेछ । यसरी सूचीकरण हुँदा वार्षिक रुपमा पाँचसय रुपियाँको दरले शुल्क बुझाउनुपर्नेछ । यो ऐन प्रारम्भ भएका बखतबाट

स्थानीय राजपत्र

**सूचीकरण नभएको भए प्रत्येक वर्ष रु.५००/- (पाँचसय) रुपियाँका दरले नगरपालिकामा बुझाउनुपर्नेछ ।**

**(४) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ ।**

**(५) यस थाहा नगरपालिका क्षेत्रलाई आफ्नो कार्य क्षेत्र कायम गरी संघीय तथा प्रदेश सरकार मातहतका कुनै कार्यालयमा दर्ता भएका गैर नाफामुलक संस्थाहरुले प्रत्येक आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षको प्रगती समिक्षा सहित आगामि आर्थिक वर्षको वार्षिक कार्य योजना पेश गरी नियमानुसार संस्था सूचीकृत गरी अनुसूची ४ बमोजिम प्रमाण पत्र लिनूपर्नेछ ।**

(६) विधानमा उल्लेख भए बमोजिम संस्थाको उद्देश्य यस ऐनको अधिनमा रही परिपालना गर्नुपर्नेछ ।

**(७). खारेजी र बचाउ :**

**(१) संस्था दर्ता, नविकरण सम्बन्धी व्यवस्थापन अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।**

**(२) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानूनसंग बाझिने भएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।**

स्थानीय राजपत्र

अनुसूची-१
(नियम ३ सँग सम्बन्धित)
विधानको

मिति:

**विषय : संस्था दर्ता गरिपाउँ।**

**श्री थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय,**
**इन्द्रायणी चौर, मकवानपुर**

**उल्लेखित विषयमा "थाहा नगरपालिकाको संस्था दर्ता नियमावली, २०७६" बमोजिम थाहा नगरपालिका वडा नं.     मा कार्यालय रहने गरी थाहा नगरपालिका भित्र मात्र कार्यक्षेत्र हुने गरी ...................................... नामको संस्था दर्ता गरिदिनूहुन तोकिएको तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको छु ।**

**तपशिलः**

- **संस्थाको प्रस्तावित नाम र छाप**
- **तोकिएको ढाँचामा प्रस्तावित विधान, थान-२**
- **पदाअधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, थान १/१**
- **पदाअधिकारीको तीनपुस्ते विवरण**
- **संस्था दर्ताको लागि भएको निर्णयको प्रतिलिपी ।**

**भवदीय,**
**नाम :**
**पद :**

अनुसूची-१ (क)
(नियम ३ सँग सम्बन्धित)
विधानको

विवरण:

संस्थाको नाम :-
संस्थाको उद्देश्यहरु :-
(क)
(ख)
(ग)
प्रबन्ध समितिका सदस्यहरुको
नाम ठेगाना पेशा

(क)

(ख)

(ग)

४. आर्थिक स्रोत :-

स्थानीय राजपत्र

५. कार्यालयको ठेगाना :-

मिति :- भवदीय,

पदाधिकारीहरुको नाम

अनुसूची-२
(नियम ४ सँग सम्बन्धित)
दर्ता किताबको ढाँचा
संस्थाको दर्ता किताब

द.नं. दर्ता मिति:

संस्थाको छाप

संस्थाको नाम :

संस्थाको मुख्य कार्यालय रहने स्थान :

संस्थाको मुख्य उद्देश्य :

संस्थाको अध्यक्षको नाम : ठेगाना :

संस्थाको अध्यक्षको हस्ताक्षर :

स्वीकृत गर्नेको

नाम :

पद :

हस्ताक्षर :

| नविकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नविकरण महाल रहने अवधि | नविकरण दस्तुर/भौ. नं./मिति | संस्थाको उद्देश्य | नविकरण गर्ने अधिकारीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|

स्थानीय राजपत्र

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची-३
(नियम ४ सँग सम्बन्धित)
प्रमाण-पत्रको ढाँचा
स्थानीय संस्था दर्ताको प्रमाण-पत्र

श्री अध्यक्ष ।

**थाहा नगरपालिकाको संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को नियमावली २०७६ को को** दफा ४ बमोजिम ......... साल ......... महिना ......... गतेमा .......................... (*नाम/ठेगाना)* दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

स्थानीय अधिकारीको सही:-

पूरा नाम :-

दर्जा :-

कार्यालय :-

**संस्था नविकरण**

| **नविकरण गर्ने अधिकारी** | **नविकरण गरेको मिति** | **नविकरण बहाल रहने अवधि** | **नविकरण दस्तुर भौचर नं. दस्तुर र मिति** | **नविकरण गर्ने अधिकारीको दस्तखत** |
|---|---|---|---|---|

स्थानीय राजपत्र

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

स्थानीय राजपत्र

अनुसूची-४
(नियम ५ सँग सम्बन्धित)

श्री अध्यक्ष ।

संघ संस्था दर्ता ऐन २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय................. को मिति .............. मा निर्णय भई मिति .................................. मा द.नं. ... मा भएको ........................नामको संस्थालाई यस

**नगरपालिकामा समेत कार्यक्षेत्र कायम रहने गरी थाहा नगरपालिकाको संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को नियमावली २०७६ को को दफा ५ बमोजिम सूचीकरण गरी यो प्रमाण-पत्र दिइएको छ ।**

स्थानीय अधिकारीको सही:-
पूरा नाम :-
दर्जा :-
मिति :-
कार्यालय :-

**सूचीकृत संस्था नविकरण**

| **नविकरण गर्ने अधिकारी** | **नविकरण गरेको मिति** | **नविकरण बहाल रहने अवधि** | **नविकरण दस्तुर भौंचर नं. दस्तुर र मिति** | **नविकरण गर्ने अधिकारीको दस्तखत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

स्थानीय राजपत्र

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**आज्ञाले,**

**नामः हरिलाल पुरी**

**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय राजपत्र